# तानसेन नगरपालिका, पाल्पा

## तानसेन नगरस्तरीय प्रथम मेयर कप रनिङ्ग शिल्ड प्रतियोगिता, २०८०

## प्रेस विज्ञप्ती

मितिः २०८० मंसिर १८

तानसेन नगरपालिकाका प्रमुख ज्यू, उप-प्रमुख ज्यू प्रमुख प्रशासकीय अधिकृत ज्यू, नगर प्रवक्ता ज्यू, वडा अध्यक्ष ज्यू लगायत सम्पूर्ण जन प्रतिनिधिहरु तथा शाखा प्रमुखहरु, नेपाल पत्रकार महासंघ, पाल्पाका अध्यक्ष ज्यू, सम्पूर्ण पत्रकार तथा संचारकर्मी महानुभावहरु ।

तानसेन नगरपालका, खेलकुद विकास समितिको आयोजना र जिल्ला फुटवल संघ, पाल्पाको व्यवस्थापनमा ऐतिहासिक एवं पर्यटकीय नगरी तानसेनमा नगरस्तरीय **प्रथम मेयर कप रनिङ्ग शिल्ड प्रतियोगिता, २०८०** सञ्चालन हुन लागेको व्यहोरा यस पत्रकार भेटघाट कार्यक्रम मार्फत जानकारी गराउन चाहन्छु ।

तानसेनको सर्वाङ्गीण विकासका लागि खेल पर्यटनको विकास अपरिहार्य छ भन्ने हाम्रो ठम्याई हो । प्राकृतिक, ऐतिहासिक र साँस्कृतिक रुपमा धनी तानसेनलाई खेल पर्यटनको माध्यमबाट समग्र राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा चिनाउन सकिन्छ र खेल पर्यटनको माध्यमबाट तानसेनको आर्थिक विकास गर्न सकिन्छ भन्ने कुरामा हामी विश्वस्त छौं । खेल क्षेत्रमा देशमै तानसेन नगरको गौरवपूर्ण इतिहास रहेकोमा यस बिरासतलाई बर्तमानमा अझ सवलताका साथ भविष्यमा समेत खेलकुद क्षेत्रलाई थप प्रभावकारी वनाउँदै लैजानु हाम्रो दायित्व हो ।

मानव विकासका लागि खेलकुदको विकास हुन अति आवश्यक छ । खेल मानिसको शारिरीक, मानसिक स्वास्थ्यसँग गासिएको विषय पनि हो । अब खेलकुद मावन जीविकोपार्जनको आधार  बन्नु पर्दछ ।

**"स्वास्थ्यको लागि खेलकुद राष्ट्रको लागि खेलकुद"** भन्ने राष्ट्रिय खेलकुदको मर्मलाई साकार पार्न, तानसेन नगर क्षेत्रको खेलकुद पर्यटनलाई उजागर गर्न, नगर क्षेत्रका युवाहरुलाई खेल क्षेत्रमा आकर्षित गर्न, खेलाडीहरुको भावना अनुरुप उनिहरुको हौसला अभिबृद्धि र क्षमता विकास गर्न, युवाहरुमा अनुशासन र राष्ट्रप्रेमको भावनामा बृद्धी गर्न, तानसेनलाई खेल पर्यटनको हवका रुपमा विकास गर्न र खेलको ऐतिहासिकतालाई जोगाउदै खेल पर्यटन मार्फत नगरको समृद्धिमा टेवा पुऱ्याउने उद्देश्यका साथ तानसेन नगरपालिका, खेलकुद विकास समितिले यो कार्यक्रम संचालन गर्न लागेको व्यहोरा यस गरिमामय पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराउन चाहन्छु । खेलकुदको व्यवसायिकरणबाट नगरको प्रतिष्ठा र गौरव बढनेछ भन्ने हामीले अपेक्षा गरेका छौं ।

**तानसेन नगरस्तरीय प्रथम मेयर कप रनिङ्ग शिल्ड प्रतियोगिता, २०८०** को सम्बन्धमा नगरस्तरीय खेलकुद विकास समिति मार्फत मिति २०८० मंसिर १० मा सूचना जारी भैसकेको छ ।  यस बर्ष समिति मार्फत फुटवल, क्रिकेट र व्याटमिन्टन प्रतियोगिताको आयोजना गरेका छौं । यस नगरको मुटुमा रहेको टुँडिखेल मैदानमा २०८० मंसिर २० गतेबाट फुटबल, पौष ७ गतेदेखी क्रिकेट र पौष २७ गते देखी ब्याटमिन्टन प्रतियोगिता सञ्चालन गरिने छ । यी खेलहरुलाई आगामी बर्षहरुमा पनि निरन्तरता दिंदै थप खेलहरुलाई समेत समावेश गरी अगाडी बढिने छ । हालसम्मको अद्यावधिक विवरण अनुसार फुटबल तर्फ जम्मा सहभागी १० टीमले प्रतियोगितमा भाग लिने छ भने क्रिकेट र व्याडमिन्टन तर्फ दर्ता हुने क्रम जारी रहेको छ । खेलकुद विकासका लागि सबै क्षेत्रले हातेमालो गर्दै एकजुट हुनका लागि यस प्रतियोगिता सहयोगी बन्नेछ । खेलकुद प्रतियोगिताको माध्यमबाट नगर क्षेत्रका युवाहरुलाई भावनात्मक  रुपमा ऐक्यबद्ध गराउन सकिने छ भन्ने विश्वास समेत हामीले लिएका छौं ।

अन्त्यमा सम्पूर्ण सञ्चार जगत, संघ संस्था, सहयोगी नगरबासी, खेलप्रेमी महानुभावहरु लगायत सम्बद्ध क्षेत्रको साथ, समर्थन र सहयोगको अपेक्षा सहित हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

हेमन्तराज शाक्य
संयोजक
नगर खेलकुद विकास समिति